## APN मा को को सदस्यहरु छन् ?

हाल APN मा २१ राष्ट्रहरु सदस्य छन् :

| | | |
|---|---|---|
| अस्ट्रेलिया | जापान | फिलिपिन्स |
| बंगलादेश | लाव डीपीआर | कोरिया गणतन्त्र |
| कम्बोडिया | मलेसिया | रसिया फेडेरेसन |
| चीन | मंगोलिया | श्रीलंका |
| फिजी | नेपाल | थाइल्यान्ड |
| भारत | न्यूजिल्यान्ड | संयुक्त राज्य अमेरिका |
| इन्डोनेसिया | पाकिस्तान | भियतनाम |

*पासिफिक टापु राज्यका ब्यक्ति एवं संस्थाहरुले APN का कुनै पनि कार्यक्रम तथा गतिविधिहरुमा निर्वाधरुपमा सहभागी हुनसक्ने छन् र यसलाई APN राष्ट्रबाट मनोनयन गरी पठाएका सदस्यसरह नै मान्यता प्राप्त हुनेछ ।

## APN को संरचना कसरी गरिन्छ ?

यस एसिया प्रशान्त संजाल (APN) को संरचना निर्माण, नीति निर्माताहरुको अन्तर सरकारी बैठक (Inter-Governmental Meeting, IGM) एवं बैज्ञानिक योजनाकार समूह (Scientific Planning Group, SPG) को संयुक्त बार्षिक बैठकबाट गठन गरिन्छ ।

IGM, APN को प्रमुख निर्णायक ईकाई हो र यसले APN को आगामी बर्षको कार्यक्रम एवं बजेट स्विकृत गर्नुको साथै मुख्यतया SPG को सिफारिसको आधारमा अनुसन्धानकार्य तथा सोसंग सम्बन्धित गतिविधिको लागि आवश्यक कोष प्रदान गर्न सहमती दिने गर्दछ । संचालक समिति तथा APN सचिवालयबाट IGM र SPG लाई सहयोग गर्नेगर्छ । APN ले बार्षिक रुपमा अनुसन्धान कार्यको लागि क्षेत्रगत अनुसन्धान र क्षमता विकास कार्यक्रम (ARCP र CAPaBLE) को लागि प्रस्तावना गरेको आधारमा यसका अनुसन्धात्मक कार्यक्रमहरुलाई आर्थिक सहयोग उपलब्ध गराउँदछ ।

APN ले आफ्नो सरोकार भएका विषयहरूमा, अनुसन्धान तथा क्षमता विकास कार्यक्रमको लागि सहयोग गर्न सक्तछ । सन् २००६-२००७ मा APN ले ३३ वटा आयोजनाहरूलाई कोष जुटाएको थियो: अनुसन्धान आयोजना- ३ वटा, समक्ष विकास आयोजना-१५ वटा र क्षेत्रगत प्रस्तावना (ARCP) प्रक्रियाको लागि वार्षिक आह्वान-१५ वटा ।

**APN कोषबाट सञ्चालित आयोजनाहरू**




- ARCP को आयोजना
- क्षमता विकास आयोजना
- अनुसन्धान आयोजना



**APN प्रायोजकहरू**

- Ministry of the Environment, Japan
- Hyogo Prefectural Government, Japan
- National Science Foundation, USA
- US Climate Change Science Program www.climatescience.gov
- Ministry of Environment, Republic of Korea
- Ministry for the Environment Manatu Mo Te Taiao
- Australian Government Department of Environment, Water, Heritage & the Arts

यी माथिका प्रायोजकहरूले APN लाई आर्थिक सहयोग प्रदान गर्दछन् र APN सदस्यहरूद्वारा कार्यशाला गोष्ठी एवं सेमिनारहरूको साथै दक्ष व्यवस्थापक तथा बैज्ञानिकहरूको आदान प्रदान कार्यमा आफ्नो तवरबाट सहयोग गर्ने गरिन्छ ।

## APN सँग कसरी सम्पर्क गर्ने ?

यदि तपाईं APN सँग सम्पर्क राख्न चाहनु हुन्छ अथवा APN को गतिविधि बारे बढी सूचना संकलन गर्न चाहनुहुन्छ भने कृपया निम्न APN सचिवालयको ठेगानामा सम्पर्क गर्नु होला:

APN Secretariat
IHD Centre Building, 5th Floor
1-5-1 Wakinohama Kaigan Dori
Chuo-Ku, Kobe 651-0073, JAPAN
Tel: +81-78-230-8017
Fax: +81-78-230-8018
Email: info@apn-gcr.org
Website: www.apn-gcr.org

संस्करण सन् २००८

APN
Asia-Pacific Network for Global Change Research

(Asia-Pacific Network for Global Change Research)

# भूमण्डलिय परिवर्तन सम्बन्धी अनुसन्धानको लागि एसिया-प्रशान्त संजाल

## APN के हो र किन चाहियो ?

पृथ्वीको आफ्नो प्रणालीमा भएका परिवर्तनहरूले विश्वको आधाभन्दा बढी जनसंख्या ओगटेको एसिया प्रशान्त क्षेत्रका राष्टहरुको सामाजिक एवं आर्थिक जीवनमा प्रभाव पार्दै आएको छ । यसैलाई पहिचानगरी एसिया प्रशान्त क्षेत्रका सरकारहरूको एक संजालको रूपमा यस क्षेत्रको भूमण्डलिय परिवर्तन सम्वन्धी अनुसन्धानलाई वढावा दिन, विकासोन्मुख राष्ट्रहरूलाई यस्ता अनुसन्धानकार्यमा बढी समावेश गराउने तथा बैज्ञानिक समूह र नीति निर्माताबीच आपसी अन्तरक्रियामा जोड दिन, सन् १९९६ मा भूमण्डलिय परिवर्तन सम्बन्धी अनुसन्धानका लागि एसिया प्रशान्त संजाल (APN) को स्थापना भएको थियो । APN ले भूमण्डलीय परिवर्तन सम्बन्धी अनुसन्धानलाई "भूमण्डलीय परिवर्तन विषयक अनुसन्धान (पृथ्वीको भौतिक तथा जैविकीय प्रणालीहरूमा देखिने ती प्राकृतिक तथा मानव निर्मित परिवर्तनहरू जुन समष्टिगतमा विश्वव्यापी रूपमा उल्लेखिनिय हुन्छन्) एवं एसिया प्रशान्त क्षेत्रको दिगो विकासमा टेवा पुऱ्याउनु" भनी परिभाषित गरेको छ ।



## APN को दृष्टिकोण के हो ?

नयाँ अनुसन्धान र त्यससँग सम्बन्धित अवलोकनहरूले भूमण्डलीय परिवर्तन तथा त्यसले पार्ने प्रभावबारे केही नयाँ तथ्यहरूलाई उजागर गरेको छ भने कैयौं नयाँ चुनौतिपूर्ण बैज्ञानिक विषयवस्तुहरू पनि अगाडि आएका छन् ।

APN ले त्यस्ता जल्दोबल्दो चुनौतीहरूलाई पहिचान गरी क्षेत्रिय सहकारी अनुसन्धानलाई सम्बोधन गर्न प्रोत्साहन तथा प्रवर्द्धन गर्दछ । त्यसो गर्दा अनुसन्धानबाट आउने परिणामहरूले भूमण्डलीय परिवर्तनसँग निहित नीति तथा निर्णय प्रक्रियासँग सम्बन्धित विषयहरूको लागि भरपर्दो वैज्ञानिक आधारको विकास गर्न योगदान पुऱ्याउने बारे सुनिश्चित गर्दछ । यस क्षेत्रका विकासोन्मुख राष्ट्रहरूलाई क्षेत्रिय सहकारी अनुसन्धानमा बढी से बढी सक्रिय रूपमा सहभागी गराउनुको साथै सोबाट फाइदा उठाउने कार्यमा क्षमता बढाउन प्रयत्नरत रहन्छ । अन्ततः समग्र भूमण्डलीय प्रणालीमा निहित क्षेत्रिय प्रकृयाहरूको अन्तरक्रियात्मक पक्षलाई पहिचान गरी APN ले प्रायोजन गरेका अनुसन्धान कार्यलाई विश्वव्यापी रूपमा चालिएका कार्यक्रमहरू तथा अरू क्षेत्रहरूमा सञ्चालित अनुसन्धानसँग सम्बन्ध निरन्तर रूपमा सम्बन्ध स्थापना गर्ने कार्य गर्दछ ।

## APN को लक्ष्य के के छन् ?

APN ले आफ्नो उद्देश्य प्राप्तिको लागि निम्न पाँच लक्ष्यहरु पहिचान गरिको छ:

लक्ष्य १: भूमण्डलीय परिवर्तन सम्बन्धी सान्दर्भिक क्षेत्रगत विषयहरूको अनुसन्धानमा क्षेत्रीय सहयोग बढाउने ।

लक्ष्य २: बैज्ञानिक तथा नीति निर्माताहरू बिचको सारगर्भिक अन्तर्क्रियामा जोड दिंदै नीति निर्माण कार्यमा वैज्ञानिक योगदान दिनुको साथै सर्वसाधारणलाई वैज्ञानिक ज्ञान प्रदान गर्नु ।

लक्ष्य ३: यस क्षेत्रका राष्ट्रहरूको बैज्ञानिक एवं प्राविधिक क्षमता सुदृढ पार्ने ।

लक्ष्य ४: अन्य भूमण्डलीय परिवर्तन सम्वन्धी संजाल र सस्थाहरुसँग आपसी सहयोग गर्ने ।

लक्ष्य ५: अनुसन्धानका लागि आवश्यक पूर्वाधार विकास गर्न तथा प्रविधि हस्तान्तरण गर्न सुविधा प्रदान गर्ने ।





## APN को वैज्ञानिक मुद्दा के हो ?

APN ले निम्न बुँदाहरूलाई दृष्टिगत गरी पृथ्वीय प्रणालीमा हुने परिवर्तनबारे भौतिक एवं मानवीय आयाममा ज्ञानको सिर्जना तथा हस्तान्तर गर्ने क्रियाकलापहरूलाई बढावा दिने कार्य गर्दछ ।

१. हावापानी
२. जीव परिवृत्ति पद्धतिहरू (Ecosystems), जैविक विविधता तथा भूउपयोग
३. वायू-मण्डल, पृथ्वी तथा सामुद्रिक क्षेत्रमा परिवर्तन
४. स्रोतहरूको (जस्तैः खाद्यान्न, पानी, शक्ति तथा अन्य पदार्थहरू) उपयोग र दिगो विकासको लागि मार्ग दर्शन
५. अन्तर सम्बन्धित विषयहरु तथा विज्ञान-नीतिको सम्बन्ध

## APN को के के कार्यक्रम छन् ?

APN को विषयगत क्षेत्र तथा निम्न उल्लेखित कार्यक्रमहरू मार्फत भूमण्डलीय परिवर्तनका क्षेत्रका गतिविधिहरूमा सहयोग गर्ने:

### ARCP कार्यक्रम

APN ले आफ्नो गतिविधिहरूको कार्यक्रमको एक भागको रूपमा बार्षिक क्षेत्रिय प्रस्तावना आव्हान (Annual Regional Call for Proposal, ARCP) गरिन्छ . यस को लागि विशेषत चासोका क्षेत्रहरु हुन्: विद्यमान अनुसन्धानको संश्लेशण तथा बिश्लेषण; मुख्य क्षेत्रहरूमा ज्ञानको कमीलाई सम्बोधन गरिएको नयाँ अनुसन्धान; योजना/कार्यक्षेत्र सम्बन्धित अनुसन्धानका गतिविधिहरू; एकिकृत मूल्याङ्कन, प्रभाव मूल्याङ्कन, हावापानी सम्बन्धी मोडेलहरू जस्ता विषयहरूमा नीतिसम्बन्धी संयन्त्रहरूको विकास गर्ने ।

### CAPaBLE कार्यक्रम

CAPaBLE कार्यक्रमले विकासोन्मुख राष्ट्रहरूमा, भूमण्डलीय परिवर्तन र दिगो विकासलाई दृष्टिगत गरी निर्णय कार्यमा सुधार ल्याउन बैज्ञानिक क्षमता बृद्धि गर्दछ । दिगो विकासको लागि बैज्ञानिक क्षमताको विकास; बिज्ञान र नीतिमा पारस्परिक कृया; चेतना जगाउने तथा विभिन्न प्रकारका सूचना प्रवाह गर्ने गतिविधिहरूमा जोड दिइन्छ ।